# Believers Eastern Church

Office of the Metropolitan, Synod Secretariat, St. Thomas Community, Thiruvalla, Kerala, India.

## गोठालोको पत्र

सेप्टेम्बर/अक्टोबर २०२३

सबै आर्चबिसप, बिसप, याजक, डिकन फादर, प्रचारक, सेवक-सेविका, दयाका सिस्टरहरु र संसारभरका बिलिभर्स इस्टर्न चर्चका सबै विश्वासी जनहरुमा,

पिता, पुत्र र पवित्र आत्मा, एक साँचो परमेश्वरको नाउँमा आशीर्वाद र अभिवादन! आमेन! ✝

ख्रिस्टमा प्रिय विश्वासी जनहरु,

रुप परिवर्तनको समयमा, हाम्रो अर्थोडक्स क्रिश्चियन जीवनको लक्ष्य परमेश्वरको स्वभावमा धेरैभन्दा धेरै रुपान्तरण हुँदै जानु हो (२ कोरिन्थी ३:१८), र यसो हुनलाई, पश्चात्ताप अत्यावश्यक हुन्छ भन्ने कुरालाई हामीले स्मरण गर्नुपर्छ। यो महिनामा, हामी पश्चात्तापका केही पक्षहरुलाई अलि बढी ध्यान दिएर हेरौं।

**१. पश्चात्ताप निरन्तर हुनुपर्छ।**

चर्चका एक प्रसिद्ध सन्तले भने, 'बाँच्ने दुई वटा मात्र तरिका छन्: हामीले या त पाप गर्नुहुँदैन र यदि हामीले पाप गर्‍यौं भने, हामीले पश्चात्ताप गर्नुपर्छ। मुक्तिको लागि यो एक मात्र उपाय हो।'

हामीमध्ये कोही पनि पाप नगर्ने कुरामा सक्षम हुँदैनौं। यसैले हामी हरेकले निरन्तर पश्चात्ताप गर्नुपर्छ। पश्चात्तापको लागि हामीले आफ्ना पुराना तरिकाहरु छोड्नुपर्छ र ख्रिस्टको तरिकाहरुबमोजिम जिउन तयार हुनुपर्छ। यसका लागि हामीले कहाँ परिवर्तन हुन आवश्यक छ

भनेर पवित्र आत्माले हामीलाई देखाउनुहुन्छ। यसैले सुरुका चर्च फादरहरुले येसुको प्रार्थनालाई निरन्तर दोहोर्‍याउँथे, “हे प्रभु येसु ख्रिस्ट, परमेश्वरका पुत्र, कृपा गरी म पापीमाथि दया गर्नुहोस्”। जब हामीले त्यसो गर्छौं, तब परमेश्वरले हामीलाई शुद्ध पार्नुहुन्छ। यो कसरी हुन्छ भनेर सन्त युहन्नाले सिकाएका छन्: “यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ” (१ युहन्ना १:९)।

## २. कपटपूर्ण पश्चात्ताप नगर्नुहोस्।

बप्तिस्मा दिने सन्त युहन्नाको समयमा, यहुदी धर्मका अगुवाहरुले आफ्नो मुक्ति र अनन्त सुरक्षाको लागि आफूहरु अब्राहामको सन्तान हो भन्ने कुरामा भरोसा गरेका थिए। यसैले, तिनीहरुका पश्चात्ताप प्राय: कपटपूर्ण थियो, र परिणाम स्वरुप तिनीहरुका जीवनमा केही पनि परिवर्तन भएन। बप्तिस्मा दिने सन्त युहन्नासित ती इस्राएलीहरुका लागि सन्देश यस्तो थियो: “यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ, र तिमीहरु आफै ‘हाम्रा पिता अब्राहाम हुन्’ भन्नपछि नलाग, किनभने म तिमीहरुलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरुबाट अब्राहामको निम्ति सन्तान उत्पन्न गर्न सक्नुहुन्छ” (सन्त लुका ३:८)। कहिलेकाहीं हामी विगतको आत्मिक अनुभवलाई बहानाको रुपमा प्रयोग गर्छौं, निरन्तर गर्नुपर्ने पश्चात्तापको महत्त्वलाई बेवास्ता गर्छौं, र हामीमा रहेको अख्रिस्टको जस्तो व्यवहारलाई अनदेखा गर्छौं।

परिणामस्वरुप, हाम्रो जीवनका धेरै क्षेत्रमा हामी आत्मिकतामा वृद्धि हुन असफल हुन्छौं; हाम्रो लागि परमेश्वरको योजनाहरु पूरा हुँदैनन्; परमेश्वरले हामीलाई दिन चाहनुहुने धेरै इनामहरु हामीले गुमाउँछौं; र हामीले यस संसारमा प्रभु येसु ख्रिस्टको प्रतिनिधित्व गर्न असफल हुन्छौं।

## ३. साँचो पश्चात्ताप: “पुरानो तरिका” लाई ख्रिस्टको जीवनले प्रतिस्थापित गर्नुपर्छ।

के यो निन्दा, ईर्ष्या, आलस्य, गुनासो, अरुको आलोचना, बेइमानी, अनाज्ञाकारिता, अनैतिकता, क्षमाशीलता, स्वार्थ, समर्पणताको कमी, विद्रोह, लोभ, चुकुली लगाउनु, वा बहाना बनाउनु हो? सायद तपाईंको “पुराना तरिकाहरु" यो सूचीमा छैनन् होला। तर ती के हुन् भनी तपाईंलाई थाहा छ।

साँच्चै पश्चात्ताप गर्ने निर्णय गर्नुहोस् र यी अख्रिस्टका तरिकाहरु हटाउनुहोस् र प्रभु येसु ख्रिस्टमा भएको जीवनलाई धारण गर्नुहोस्, जसरी सन्त पावलले लेखेका छन्: त्यसैले हामी अन्धकारका कामहरु त्यागेर प्रभु येसु ख्रिस्टलाई धारण गरौं। तपाईंको पहिलेको जीवन शैलीको सन्दर्भमा, तपाईंले पुरानो मनुष्यत्वलाई त्यागेर नयाँ आत्मा धारण गर्नुहोस्, जुन परमेश्वरको स्वरुपमा, सत्य धार्मिकता र पवित्रतामा सृष्टि भएको हो (रोमी १३:१२; एफिसी ४:२२, २४)।

ख्रिस्टमा मेरा प्रिय बालकहरु, मुक्ति दैनिक प्रक्रिया हो भनेर हामी कहिल्यै नबिर्सौं, र "डर र कम्पसाथ आफ्नो मुक्तिको काम पूरा गर्न" हामी हर प्रयास गरौं (फिलि २:१२)।

भारतको मणिपुरमा रहेका हाम्रा दाजुभाइ तथा दिदीबहिनीका सुरक्षा र शान्तिपूर्ण फिर्ताको लागि निरन्तर प्रार्थना गरौं।

तपाईंहरु सबै जनामाथि सर्वशक्तिमान् परमेश्वरको शान्ति र अनुग्रह सदासर्वदा रहिरहोस्।

पवित्र चर्चको सेवामा

ख्रिस्टमा तपाईंको पिता,

अथनेसियस योहान I मेट्रोपोलिटन

मिति: १८ अगस्ट २०२३

स्थान: पवित्र सिनड